प्रस्ताव नं. ४ उपभोक्ता समिति गठन तथा आयोजना सम्झौता सम्वन्धमा ।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको १६ औं गाउँ सभाबाट पारित आ.व. २०८१/८२ मा कार्यान्वयन गर्ने सबै योजना /आयोजनाहरु, संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित योजना/ आयोजनाहरु र संघ तथा प्रदेश सरकारबाट समपुरक र विशेष आयोजनाको रुपमा सञ्चालन हुने आयोजनाहरुको तपसिल वमोजिमको समय सीमा भित्र उपभोक्ता समिति गठन, आयोजना सम्झौता र कार्यसम्पन गर्ने गरी कार्य प्रक्रिया अगाडि वढाउन सम्वन्धित वडा समिति र कर्मचारीहरु आ-आफ्नो तहबाट काम गर्नुपर्ने गरी कार्यतालिका तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(क) झिमरुक गाउँपालिकाको गाउँसभाको १६ औं अधिबेशनबाट पारित आयोजनाहरुको हकमा**

१.आयोजनाहरुको उपभोक्ता समिति गठन- २०८१ असोज मसान्तभित्र

२.आयोजनाहरुको सम्झौता- २०८१ कार्तिक मसान्तभित्र

३. आयोजनाहरुको सम्पन्न-२०८१ पुस २० गते भित्र

**(ख) संघ र प्रदेशबाट हस्तान्तरित आयोजनाहरुको हकमा**

१.आयोजनाहरुको उपभोक्ता समिति गठन- २०८१ कार्तिक मसान्तभित्र

२.आयोजनाहरुको सम्झौता- २०८१ मंसिर मसान्तभित्र

३. आयोजनाहरुको सम्पन्न-२०८१ माघ २० गते भित्र

**(ग) गाउँपालिकाको गाउँसभावाट पारित १० लाख भन्दा माथिका योजना/आयोजनाहरुको हकमा**

१.२०८१ भदौ २० गतेसम्म ठेक्का खोलिएको सूचना प्रकाशन गर्ने

२.२०८१ कार्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी सक्ने

३. आयोजनाहरुको कार्य सम्पन्न-२०८१ माघ मसान्तभित्र

प्रस्ताव नं. ५ मोटरबाटोहरु सुचारु गर्ने सम्वन्धमा ।

निर्णय नं ५

**प्रस्ताव नं ५** माथि छलफल गर्दा हाल वर्षादको समय भएका कारण गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरु रहेका मोटरबाटोहरु अवरुद्ध भएको हुँदा तत्काल गाउँपालिकाको व्याक हु लोडर सञ्चालन समितिको बैठक वसी कार्ययोजना सहित सबै वडाका प्राविधिक कर्मचारीहरुलाई परिचालन गरी अवरुद्ध मोटरबाटोको अनिवार्य लागत अनुमान तयार गर्न लगाई वडा समिति तथा कर्मचारीहरु रोहवरमा मोटरबाटोहरु सूचारु गर्ने कार्यको लागि आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ शैक्षिक भवन निर्माणको साझेदारी वजेट सम्वन्धमा ।

निर्णय नं ६

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८१/८२ मा संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानको रुपमा **स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान** शीर्षकमा प्राप्त रकमबाट कार्य प्रक्रिया अगाडि बढाउनको लागि झिमरुक गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुको आवश्यकताको पहिचान गरी माग प्रस्ताव पेस गर्नको मिति २०८१ साल साउन १५ गतेभित्र १ महिनाको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ नदीजन्य पदार्थको स्टमेट र ठेक्का लगाउने सम्वन्धमा ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका तपसिल वमोजिमका घाटहरुबाट आ.व. २०८१/८२ मा नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी बालुवा उत्खनन् तथा संकलन) कार्यको लागि छुट्टा छुट्टै ठेक्का खोल्न आवश्यक कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | घाटहरुको नाम र ठेगाना | खण्ड सख्या |
|---|---|---|
| १ | झिमरुकखोला खमारीघाट क्षेत्र (१) झिमरुक-३ | खण्ड नं.-१ |
| २ | झिमरुकखोला खमारीघाट क्षेत्र (२) झिमरुक-३ | |
| ३ | झिमरुक खोला बालुवा लामासेराक्षेत्र झिमरुक-३,७ र ८ | खण्ड नं.-२ |
| ४ | झिमरुक खोला झिमरुक, गर्तङ्ग दोभान,छाप्रे झिमरुक-५ | खण्ड नं.-३ |
| ५ | झिमरुक खोला तुषारा चिसावाङ्ग राततारी क्षेत्र(१) झिमरुक-६ र ७ | खण्ड नं.-४ |
| ६ | झिमरुक खोला तुषारा चिसावाङ्ग राततारी क्षेत्र(२) झिमरुक-६ र ७ | |
| ७ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(१) झिमरुक-६ र ७ | |
| ८ | झिमरुक खोला गुडगुडे रह क्षेत्र(२) झिमरुक-६ र ७ | |
| ९ | गर्तङ्गखोला बालुवा क्षेत्र झिमरुक-१ | |

प्रस्ताव नं. ८ समपुरक र विशेष आयोजनाहरुको ठेक्का खोल्ने सम्वन्धमा ।

निर्णय नं ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा आ.व. २०८१/८२ मा संघ र प्रदेशको साझेदारीमा सञ्चालन हुने समपुरक योजनाहरु, संघ र प्रदेशका विषेश आयोजनाहरुको ठेक्का प्रक्रिया मार्फत काम गर्नु पर्ने भएको हुँदा मिति २०८१ भदौ २० गतेसम्म ठेक्का खोलिएको सूचना प्रकाशन गर्ने, मिति २०८१ कार्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी सक्ने र ठेक्काबाट सञ्चालित आयोजनाको कार्य सम्पन्न-२०८१ माघ मसान्तभित्र गर्ने गरी आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

९.विविध सम्वन्धमा ।

विविध क) झिमरुक रिङ्गरोड स्तरउन्नती सम्वन्धमा ।

निर्णय नं. क)

विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशनबाट झिमरुक रिङ्गरोडको लागि विनियोजन गरिएको रु १ करोड र झिमरुक रिङ्गरोड स्तरउन्नती संघीय समपुरक रकममा विनियोजित रकम रु १ करोड गरी जम्मा रु २ करोडबाट बागदुला मच्छी सडक खण्ड अन्तर्गत झिमरुक-६ को वतासेडाँडादेखि झिमरुक-५ को मच्छी खण्डमा आवश्यक प्रक्रिया पुरा गरी मोटरबाटो कालोपत्रे गर्ने कार्यमा खर्च गर्ने गरी रिङ्गरोडको क्षेत्र निर्धारण गर्ने सर्वसम्मत रुपमा पारित गरियो । साथै सोही सडकलाई सघन शहरी तथा भवन निर्माण आयोजना, घोराही, दाङ्ग मार्फत कार्यान्वयन हुने गरी रु १ करोड विनियोजन भएकोमा सो रकमबाट ज्यामुरखोला-मच्छी ढाँड -आहालखोला सडकको मच्छी दमदमेदेखि ज्यामुरखोला खण्डसम्म कालोपत्रे गर्ने गरी आवश्यक प्रक्रिया अगाडि वढाउन सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, घोराही, दाङ्गलाई लिखित जानकारी गराउने निर्णय गरियो ।

पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)

विविध ख) आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय नं. ख)

प्रस्ताव नं ९ (ख)माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनहरुको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट आर्थिक सहयोग तथा राहत स्वरुप रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिहरुको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | सुशिल रोका झिमरुक-७ | भतिज नातापर्ने सन्दिप के.सी. लामो समयदेखि मुटुरोगी भएको कारण उपचार खर्चको लागि | २५,०००। | आर्थिक सहायता |

विविध ग) रकम भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय नं. ग)

प्रस्ताव नं ९ (ग)माथि छलफल गर्दा आ.व. २०८०/८१ को लागि प्रदेश समानिकरण अनुदान तर्फ पशुहरुको कृत्रिम गर्भधारणको लागि सामाग्री खरिद शीर्षकबाट आवश्यक सामाग्री खरिद भै आएकोमा प्रदेश सरकारको समानिकरण अनुदानतर्फको गाउँपालिकालाई उपलब्ध गराउनु पर्ने रकम कटौती भई निकासा नभएका कारण भुक्तानी दिन बाँकी रहेकोले स्रोतको सुनिश्चित गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**विविध घ) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता, गाउँघर क्लिनीक सञ्चालन वापतको यातायात खर्च र खोप ढुवानी खर्च सम्बन्धमा ।**

निर्णय नं. घ)

प्रस्ताव नं ९ (घ)माथि छलफल गर्दा विगत वर्षहरुमा विभिन्न जन-स्वास्थ्यसँग सम्वन्धित अनिवार्य दायित्वको कामकाजको लागि स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई फिल्डमा खटिदा, गाउँघर क्लिनीक सञ्चालन गर्दा र खोप ढुवानी वापतको खर्चको लागि संघीय सरकारबाट स्थानीय तहका स्वास्थ्य चौकी, प्राथमिक केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव भत्ता र पोषाक भत्ता शीर्षकबाट उपलब्ध हुँदै आएकोमा आ.व. २०८१/८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदानमा फिल्ड भत्ता, गाउँघर क्लिनीक सञ्चालन वापतको यातायात खर्च र खोप ढुवानी खर्च शीर्षकमा वजेट स्पष्ट किटान गरी उल्लेख नगरेतापनी सोही शीर्षकमा रकम प्रयाप्त भएको हुँदा स्थानीय तहका स्वास्थ्य चौकी प्राथमिक केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव भत्ता र पोषाक भत्ता शीर्षकमा विनियोजन भई आएको रकमबाट स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता, गाउँघर क्लिनीक सञ्चालन वापतको यातायात खर्च र खोप ढुवानी खर्च कार्य प्रगति प्रतिवेदनको आधारमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ बमोजिम प्रमाणित गर्दछु ।

पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)

प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/३/२६ गते बसेको १९ औं बैठकबाट गाउँ सभाको १६ औं अधिवेशन मिति २०८१ असार २८ गतेको लागि तयारी गर्ने निर्णय अनुसार समयमा नै झिमरुक गाउँपालिकाको १६ औं अधिवेशन सम्पन्न गरिएको, झिमरुक गाउँपालिकामा आ.व. २०८०/८१ मा ठेक्काबाट सञ्चालन गरिएका आयोजनाहरुको म्याद थप गर्ने निर्णय गरिएकोमा म्याद थप गरी आयोजनाहरुको कार्य अगाडि बढाईएको लगायतका विषयमा समिक्षा गरियो ।

प्रस्ताव नं. २ आयोजनाको नाम, ठेगाना संशोधन सम्बन्धमा ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा आ.व. २०८१/८२ मा सम्पन्न गर्न गरी लुम्बिनी प्रदेश सरकारबाट विनियोजन भएका तपसिल वमोजिमका आयोजनाहरुको नाम र ठेगाना फरक परेको हुँदा संशोधन गरी दिन लुम्बिनी प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | हाल कायम भएको आयोजनाको नाम ठेगाना | हुने पर्ने आयोजनाको नाम र ठेगाना |
|---|---|---|
| १ | मैदान गहतेरी मो.वा. निर्माण झिमरुक -१ | मैदान गहतेरी मो.वा. झिमरुक -२ र ५ |
| २ | चमेरी कोईलीखोला मोटरबाटो स्तर उन्नती झिमरुक-४ | चमेरी कोईलीखोला मोटरबाटो स्तर उन्नती झिमरुक-१ |
| ३ | वडाखोली खा.पा. आयोजना | वडाखोली खा.पा. आयोजना झिमरुक-७ |
| ४ | झिमरुक खेल मैदान निर्माण | झिमरुक खेल मैदान झिमरुक-५ |
| ५ | मच्छी मैनाके खेलकुद निर्माण | मच्छी मैनाके खेलकुद निर्माण झिमरुक-५ |
| ६ | कुर्लेखोला वडा कार्यालय भुल्के मोटरबाटो निर्माण | कुर्लेखोला वडा कार्यालय भुल्के मोटरबाटो निर्माण झिमरुक-४ |
| ७ | विड्डाडा-फुर्सेधारा-सौतामारे मो.वा. | सौतामारेफेदी -विड्डाडा मो.वा. मर्मत झिमरुक-१ |
| ८ | विड्डाडा- फुर्सेधारा- सौतामारे मो.वा. | विड्डाडा- फुर्सेधारा गहतेरी खण्ड मो.वा. मर्मत झिमरुक-१ |
| ९ | मैदलपाटा बालुवा सालारुख मोटरबाटो स्तरउन्नती झिमरुक-१ | डाडाखर्क थापापोखरी मोटरबाटो मर्मत झिमरुक-१ |
| १० | खोरपाटा डाडाखर्क राताचौर सडक | मैदलपाटा डाडाखर्क आरचौर मोटरबाटो मर्मत झिमरुक-१ |
| ११ | बडाचौर बालुवा खा.पा. आयोजना झिमरुक-१ | वडाचौर दाद्रा खा.पा. आयोजना झिमरुक-१ |
| १२ | पोखरचौर सास्कृतिक पूर्वाधार निर्माण झिमरुक-४ | पोखरचौर सास्कृतिक पूर्वाधार निर्माण झिमरुक-१,बडाचौर |

प्रस्ताव नं. ३ कार्यविधिहरु निर्माण तथा संशोधन सम्बन्धमा ।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा निर्माण भएका तपसिल वमोजिमका कार्यविधिहरु संशोधन गर्नुपर्ने भएको र निम्न अनुसारका कार्यविधिहरु निर्माण गर्नु पर्ने भएको हुँदा संशोधन र निर्माणको लागि आवश्यक गृहकार्य गरी आगामी कार्यपालिकाको बैठकमा मस्यौदा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

संशोधन गर्नु पर्ने कार्यविधिहरु

१.व्याक हु लोडर सञ्चालन कार्यविधि,२०८०

२.उत्पादनमा आधारित अनुदान र वजारिकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०८०

नयाँ निमार्ण गर्नुपर्ने कार्यविधिहरु

१.चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

२.लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्वन्धी कार्यविधि,२०८१

३.एकल महिला राहत तथा सहयोग उपलब्ध सम्वन्धी कार्यविधि,२०८१

४.नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

कुमार शाही
अधिकृत)

आज मिति २०८१ साल साउन ६ गतेका दिन दिउसो १:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को पहिलो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पवन कुमार शाही | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं |
| | विकास के.सी. | सि.अ.हे.व. अधिकृत |
| | अशोक जि.सी. | ईन्जिनियर |
| | दामोदर उपाध्या | का.स. |

पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)